# प्रहरी ऐन, २०१२

*(मिति २०७४ साल पुष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# प्रहरी ऐन, २०१२

लालमोहर र प्रकाशन मिति
२०१२।६।३१

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही नेपाल कानून (संशोधन र पुन: व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| २. प्रहरी (पहिलो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| ३. प्रहरी (दोस्रो संशोधन) ऐन, २०३१ | २०३१।७।५ |
| ४. प्रहरी (तेस्रो संशोधन) ऐन, २०३५ | २०३५।५।२१ |
| ५. प्रहरी (चौथो संशोधन) ऐन, २०४२ | २०४२।४।२४ |
| ६. प्रहरी (पाँचौ संशोधन) ऐन, २०४८ | २०४८।८।४ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ७. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६⊡ | २०६६।१०।७ |
| ८. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ९. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०१२ सालको ऐन नं. ८

✂...............

नेपाल प्रहरी फोर्सको गठन र व्यवस्था गर्ने बारे र प्रहरी कर्मचारीको काम र कर्तव्य निर्धारित गर्ने बारेको ऐन

नेपाल भरमुलुकको प्रहरी फोर्सको पुनर्गठन गर्न र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने ▲सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "प्रहरी ऐन, २०१२" भन्ने रहेको छ ।

(२) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ ।

---

⊡ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
▲ केही नेपाल कानून (संशोधन र पुन: व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) परिच्छेद १,२,३ र ६ का कुराहरु तुरुन्त लागू हुन्छन् र अरु परिच्छेदका कुराहरु नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाश गरे बमोजिमको नेपालको इलाकामा र तोकिएका मितिदेखि लागू हुन सक्नेछन् ।🕮

❒२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकृत" भन्नाले सहायक निरीक्षक र सो भन्दा ⌘माथिका प्रहरी अधिकृत सम्झनु पर्छ ।

■(ख) .................

(ग) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

⌘(घ) "अञ्चल उपरीक्षक" भन्नाले प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले सामान्य वा विशेष आदेशद्वारा अञ्चल उपरीक्षकको सबै वा केही काम गर्न तोकेको निरीक्षक समेतलाई जनाउँछ ।

(ङ) "प्रहरी" भन्नाले यस ऐन अन्तर्गत नियुक्त भएका वा दरिएका व्यक्ति सम्झनु पर्छ ।

(च) "प्रहरी कर्मचारी" भन्नाले प्रहरीका अधिकृत र जवान सम्झनु पर्छ ।

(छ) "मातहत दर्जा" भन्नाले निरीक्षक भन्दा मुनिका अधिकृत र जवानलाई सम्झनु पर्छ ।

(ज) "राजपत्राङ्कित अधिकृत" भन्नाले निरीक्षक र सो भन्दा माथिको अधिकृत सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## प्रहरी फोर्सको गठन, रेखदेख र नियन्त्रण

३. प्रहरी फोर्सको गठन : ❁(१) नेपाल ✂.......... को लागि एक वा एक भन्दा बढी प्रहरी फोर्सहरु रहने छन् । प्रहरी फोर्सको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरुको संख्या नेपाल सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

❒(२) प्रहरी फोर्सको अधिकृत र जवानहरुको तलब र सेवाका अन्य शर्त नेपाल सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

---

🕮 परिच्छेद ४ र ५ नेपाल भर लागू भएको सूचना २०१६ साल पौष १३ गतेको नेपाल राजपत्रमा प्रकाशित ।

❒ दोस्रो संशोधनद्वारा संशोधित ।

⌘ चौथो संशोधनद्वारा संशोधित ।

■ पाँचौं संशोधनद्वारा झिकिएको ।

❁ पाँचौं संशोधनद्वारा संशोधित ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

❒४. <u>नेपाल सरकारको अधिकार</u> : प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुनेछ र नेपाल सरकारको आदेश र निर्देशन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

❒५. <u>प्रहरी महानिरीक्षक इत्यादी</u> : ►……… प्रहरी प्रशासनको जिम्मेवारी प्रहरी महानिरीक्षक, ✂<u>प्रहरी अतिरिक्त महानिरीक्षक</u> र नेपाल सरकारले उपयुक्त सम्झेका नायब महानिरीक्षक ►……….. को हुनेछ ।

❒६. <u>अञ्चल उपरीक्षक इत्यादि</u> : (१) आफ्नो अञ्चलको प्रहरी प्रशासनको जिम्मेवारी अञ्चल प्रहरी उपरीक्षकको हुनेछ ।

⌘(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अञ्चल प्रहरी कार्यालयमा प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक र जिल्ला प्रहरी कार्यालयमा प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक नियुक्त गर्न सक्नेछ ।

☒(३) …………

७. <u>नियुक्तिको प्रमाणपत्र</u> : (१) निरीक्षक वा त्यसदेखि मुनि दर्जाका हरएक प्रहरी कर्मचारी नियुक्त हुँदा अनुसूचीमा दिए बमोजिमको प्रमाणपत्र पाउँछ । नेपाल सरकारले साधारण वा विशेष आदेशद्वारा निर्देश गरेका कर्मचारीले सो प्रमाणपत्रमा सहीछाप गरिदिनु पर्छ ।

(२) नियुक्तिको प्रमाणपत्रमा उल्लेख गरिएका व्यक्ति प्रहरी कर्मचारीको नोकरीबाट बहाल टुटे पछि सो प्रमाणपत्र बदर वातिल हुनेछ र सो प्रमाणपत्र बुझ्न अख्तियार पाएका कर्मचारीलाई बुझाउनु पर्छ ।

(३) आफ्नु पदबाट कुनै प्रहरी कर्मचारी सस्पेण्ड रहेसम्म त्यस प्रहरी कर्मचारीले गर्नु पर्ने काम र पाउने विशेष सुविधा कायम नरही उपदफा (१) बमोजिम दिएको प्रमाणपत्र सस्पेन्सनको टायमसम्म बकायमी नै रहन्छ, तर त्यसरी सस्पेण्ड भए तापनि सस्पेण्ड नभए सरह सो व्यक्ति उपर साविक अधिकारीहरुको नियन्त्रण कायम रहन्छ र निज साबिक बमोजिमको अनुशासनमा रहनु पर्छ र साविक बमोजिम सजायको भागी हुनेछ ।

∅८. <u>प्रहरी उपर नियन्त्रण</u> : जिल्लास्तरीय प्रहरी कर्मचारीहरु शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहने छन् र सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरुको कर्तव्य हुनेछ । कानून बमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरुको कर्तव्य हुनेछ ।

---

❒ दोस्रो संशोधनद्वारा संशोधित ।

► चौथो संशोधनद्वारा झिकिएको ।

✂ चौथो संशोधनद्वारा थप ।

⌘ चौथो संशोधनद्वारा संशोधित ।

☒ पाँचौं संशोधनद्वारा झिकिएको ।

∅ पाँचौं संशोधनद्वारा संशोधित ।

## परिच्छेद - ३

### प्रहरी फोर्सको नियन्त्रण र अनुशासन

❒९. प्रहरी कर्मचारीको नियुक्ति, बढुवा, बर्खासी र अन्य विभागीय सजाय : (१) राजपत्राङ्कित प्रहरी अधिकृतको नियुक्ति र बढुवा नेपाल सरकारबाट र अन्य मातहत दर्जाका प्रहरी कर्मचारीहरुको नियुक्ति र बढुवा ⌘प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक वा अञ्चल उपरीक्षकबाट तोकिए बमोजिम हुनेछ ।

(२) प्रहरी कर्मचारी नेपाल सरकारको इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा वहाल रहने छन् ।

(३) राजपत्राङ्कित प्रहरी अधिकृतलाई नेपाल सरकारले र अन्य मातहत दर्जाका अधिकृत र जवानलाई तोकिए बमोजिम ⌘प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक वा अञ्चल उपरीक्षकले वर्खास्त गर्न, सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा अरु सजाय गर्न सक्नेछ ।

(४) मातहत दर्जाका प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा असावधानी वा लापरवाही गरेमा वा कुनै कर्तव्य पालन गर्नबाट बच्नको लागि आफूले केही गरी सो कर्तव्य पालन गर्न अयोग्य भएमा वा अनुशासन भंग गरेमा वा अन्यथा अनुचित आचरण गरेमा निजलाई तोकिएको अधिकृतले बर्खास्त गर्न सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा आवश्यक सम्झे तोकिए बमोजिम देहायको सजाय गर्न सक्नेछ :-

(क) एक महीनाको तलब सम्म जरिबाना गर्ने ।

(ख) सजायको कवाज, थप गार्ड वा फ्याटिग (शारीरिक थकाई हुने) वा अरु ड्यूटी गराई वा नगराई १५ दिन सम्म क्वार्टरमा नजरबन्द राख्ने ।

तर यो खण्डमा लेखिएको सजाय कुनै अधिकृतलाई दिन सकिने छैन ।

(ग) महत्वपूर्ण जिम्मेवारीको पदबाट हटाउने वा विशेष तलब भत्ता पाएको झिक्ने ।

❒१०. मनमानी बर्खासी इत्यादिबाट बचाउ : (१) कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्दा, सेवाबाट हटाउँदा, दर्जा वा तलब घटाउँदा देहायको अवस्थामा बाहेक निजलाई सो गर्नु नपर्ने कारण देखाउन मुनासिव अवधि तोकी सफाईको मौका दिनु पर्छ :-

---

❒ दोस्रो संशोधनद्वारा संशोधित ।

⌘ चौथो संशोधनद्वारा संशोधित ।

❒ दोस्रो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट कैदको सजाय पाएकोमा,

(ख) यस ऐन अन्तर्गतको अपराध ठहरी कैदको सजाय पाएकोमा, वा

(ग) सो सफाईको मौका दिन मनासिब नपर्ने अवस्था देखाई व्यहोरा खोली सजाय दिने अधिकारीले पर्चा खडा गरी राखेकोमा ।

(२) कुनै प्रहरी कर्मचारीलाई नियुक्ति गर्न सक्ने अधिकारीले मात्र बरखास्त गर्न, सेवाबाट हटाउन वा दर्जा वा तलब घटाउन सक्नेछ ।

∞१०क. मुद्दा चलाउन बाधा नपर्ने : दफा ९ बमोजिम विभागीय कारबाही वा सजाय भएकै कारणले यो ऐन वा प्रचलित अन्य नेपाल कानून अन्तर्गत मुद्दा चल्नमा कुनै बाधा भएको मानिने छैन ।

□११. विभागीय कारबाही र सजायको कार्यविधि र पुनरावेदन : (१) दफा ९ बमोजिम विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने, दर्जा वा तलब घटाउने आदेश दिंदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाईको मौका दिइएकोमा निजको सफाईको जिकिर र सो जिकिर बमोजिम थप केही बुझिएको भए सो समेत बारे आफ्नो ठहर लेखी र सफाईको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई व्यहोरा खुलाइएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ ।

(२) दफा ९ अन्तर्गत दिइएको विभागीय सजायको जुनसुकै आदेश उपर तोकिए बमोजिमको अधिकारी समक्ष पुनरावेदन लाग्नेछ ।

तर दफा ९ को उपदफा (४) को खण्ड (ख) अन्तर्गत भएको सजाय उपर पुनरावेदन लाग्ने छैन ।

✑११क. विभागीय कारबाही र सजाय गर्ने अधिकार : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम विभागीय कारबाही र सजाय गर्ने अधिकार नियममा तोकिएको अवस्थामा सोही बमोजिम र त्यसरी नतोकिएकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको समितिलाई हुनेछ ।

## परिच्छेद - ४

## प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

१२. प्रहरी कर्मचारीहरु हरहमेशा ड्यूटीमा रहनु पर्ने : यस ऐनको तात्पर्यका लागि हरएक प्रहरी कर्मचारी हरहमेशा ड्यूटीमा रहेको मानिनेछ र मुलुकको कुनै भागमा जुनसुकै बखत पनि प्रहरी कर्मचारी काममा खटिन सक्दछ ।

---

∞ दोस्रो संशोधनद्वारा थप ।

✑ पाँचौं संशोधनद्वारा संशोधित ।

१३. प्रहरी कर्मचारीले प्रयोग गर्न पाउने अख्तियार : प्रहरी कर्मचारीले यो ऐन वा अरु कुनै प्रचलित ऐनबाट पाएको अख्तियार भन्दा बढी अधिकार वा अख्तियार प्रयोग गर्न पाउँदैन ।

१४. सिनियर कर्मचारीको अधिकार : प्रहरी कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम पाएको अख्तियार निज भन्दा माथिका दर्जाका प्रहरी कर्मचारीले प्रयोग गर्न पाउँछ ।

❒१५. प्रहरी कर्मचारीको कर्तव्य : (१) प्रत्येक प्रहरी कर्मचारीको देहाय बमोजिम कर्तव्य हुनेछ :-

(क) अधिकार प्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेश र जारी गरेको वारेण्ट तदारुखतासाथ पालन तथा तामेल गर्नु ।

(ख) शान्ति र व्यवस्थालाई असर पार्ने खालको खबर संकलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु ।

∅(ग) अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु ।

(घ) अपराधीहरु पत्ता लगाउनु र अपराधीलाई कानून बमोजिम सजाय गराउनु ।

(ङ) कानून बमोजिम पक्रन पर्ने व्यक्तिहरुलाई र पक्रनु पर्ने पर्याप्त कारण भएका व्यक्तिहरुलाई पक्रनु ।

(च) प्रचलित कानून बमोजिम गर्नु पर्ने कर्तव्य पालन गर्ने ।

(छ) असमर्थ र असहाय भई बाटो घाटोमा परिरहेका व्यक्तिहरुलाई आफूबाट हुन सक्ने हर किसिमको मद्दत दिने र जोखिम किसिमका र आफ्नु हेरचाह गर्न नसक्ने किसिमका अम्मल खाएका व्यक्ति वा बौलाहाहरुको जिम्मा लिने ।

(ज) पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल र बिरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारबाही तुरुन्त गर्न र त्यस्तालाई पहरा दिंदा वा अन्त लाँदा निजको व्यवस्थाको उचित ख्याल राख्ने ।

(झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र बासको इन्तजाम गर्ने ।

(ञ) खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने ।

(ट) सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नीमानिस र केटाकेटीहरुसँग व्यवहार गर्दा पूरा इज्जत र मनासिब नम्रतासाथ व्यवहार गर्ने ।

---

❒ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ठ) आगोबाट हानि नोक्सानीको बचाउ गर्न सकभर कोशिश गर्ने ।

(ड) जनतालाई दुर्घटना वा खतराबाट बचाउन सकभर कोशिश गर्ने ।

(२) माथि खण्ड (क) देखि (ङ) मा लेखिएको कुनै उद्देश्यको प्राप्तिको लागि लागू औषधि वा मदिरा बिक्री गर्ने र सेवन गराउने भट्टी पसल, होटल, लज, रेष्टुराँ, जुवा खेलिरहेको ठाउँ, साधारणतः चरित्रहीन र बदमाशहरु भेला हुने कुनै ठाउँमा बिना वारेण्ट प्रवेश गर्न र निरीक्षण गर्न कम्तीमा सहायक निरीक्षकसम्म दर्जाको प्रहरी अधिकृतलाई अधिकार हुनेछ ।

⌛(३) उपदफा (२) बमोजिम बिना वारेण्ट प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी अधिकृतले सो कुराको कारण सहितको लिखित जानकारी यथाशक्य चाँडो प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

❐१६. वारेण्ट इत्यादि जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार : जुनसुकै प्रहरी अधिकृतले आफ्नो कर्तव्यको सिलसिलामा पाएको खबर प्रमुख जिल्ला अधिकारी समक्ष पेश गरी कुनै अपराध गरेको वा सो गरेको भनी शंका भएको वा अपराध गर्न लागेको व्यक्तिको नाममा कानूनद्वारा जारी हुन सक्ने वारेण्ट, खानतलासीको वारेण्ट, समाह्वान वा अरु म्याद सूचना जारी गर्न प्रतिवेदन दिने सक्नेछ र प्रचलित कानूनले त्यस्तो वारेण्ट, समाह्वान वा म्याद सूचना जारी गर्न कुनै अड्डा वा अधिकारीको स्पष्ट व्यवस्था नभएकोमा प्रमुख जिल्ला अधिकारीले जारी गर्न सक्नेछ ।

त्यस्तो वारेण्ट, खानतलासीको वारेण्ट, समाह्वान वा अरु म्याद सूचना कुनै अड्डा वा अदालतले जारी गर्ने कानूनी व्यवस्था भएकोमा प्रहरी अधिकृतले सो प्रतिवेदन सोझै त्यस्तो अड्डा वा अदालतमा दिनेछ ।

१७. प्रहरी कर्मचारीले बिना वारेण्ट गिरफ्तार गर्न पाउने अधिकार : प्रहरी कर्मचारीले बिना वारेण्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफ्तार गर्न हुन्छ :-

(क) कानूनले ३ वर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,

(ख) फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी,

(ग) कर्फ्यू लागेको टायममा शंका पर्ने गरी हिडडुल गरिरहेका व्यक्ति,

(घ) मनासिब कारण नभै रातमा हात हतियार खरखजाना वा रातमा घर फोर्ने औजार साथमा भएको व्यक्ति,

(ङ) कानून अनुसार थुनिएका ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

---

⌛ पाँचौं संशोधनद्वारा थप ।
❐ दोस्रो संशोधनद्वारा संशोधित ।

(च) नेपाल सेना वा प्रहरी फोर्स छाडी भागेको भन्ने मनासिब शंका परेका व्यक्ति,

(छ) यस ऐनको परिच्छेद-६ मा लेखिए बमोजिम हुने अपराध गरेको छ भन्ने मनासिब शंका भएको व्यक्ति ।

(२) माथि उपदफा (१) मा लेखिए बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटाको मनासिब माफिकको म्याद बाहेक २४ घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नु पर्छ ।

(३) कुनै चल, अचल सार्वजनिक सम्पत्तिमा आफ्ना सामुन्ने नोक्सानी हुन लागेको देखेमा प्रहरी कर्मचारीले आफै अधिसरी सो नोक्सानी रोक्न सक्छ ।

१८. सार्वजनिक बाटो इत्यादिमा सवारी वा यात्रीहरुको व्यवस्था : प्रहरी कर्मचारीको देहाय बमोजिमको कर्तव्य हुन्छ :-

(क) सार्वजनिक बाटोमा यातायातको व्यवस्था र नियन्त्रण गर्ने र त्यहाँ यातायातको रोकावट हुन नदिने र सार्वजनिक बाटो वा त्यसको वरिपरि जनताले पालन गर्नाको निमित्त यो ऐन वा प्रचलित कानून अन्तर्गत बनेका नियम र आदेश ■............ मिच्न नदिने ।

(ख) सार्वजनिक बाटोमा र सबैले नुहाउने, लुगा धुने ठाउँ, घाट, हवाई अड्डा, रेलको स्टेशन, मेला लाग्ने ठाउँ, देवालय र अरु सार्वजनिक स्थानमा तथा सबैले पूजा गर्ने ठाउँ वा त्यसको वरिपरि पूजा गर्न लागेको बेलामा शान्ति कायम राख्ने ।

(ग) सबैले नुहाउने, लुगा धुने ठाउँ, घाट र हवाई अड्डा रेल्वे स्टेशनमा व्यवस्था राख्ने र त्यस्ता ठाउँमा र सर्वसाधारणलाई तारने डुङ्गामा घुइचो हुन नदिन तथा त्यस्तो स्थान वा डुङ्गामा सर्वसाधारणले ❐पालन गर्नाको निमित्त यो ऐन र प्रचलित अन्य ऐन अन्तर्गत बनेका नियम र आदेश ■.......... मिच्न नदिने ।

∅१९. सार्वजनिक सभा र जुलुसको व्यवस्था : (१) सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जनसाधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ बाटो र समय तोक्न सक्नेछ ।

---

■ पाँचौं संशोधनद्वारा झिकिएको ।
❐ दोस्रो संशोधनद्वारा संशोधित ।
■ पाँचौं संशोधनद्वारा झिकिएको ।
∅ पाँचौं संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) विपरीत कुनै कार्य भए गरेमा प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले त्यस्तो सभा वा जुलुस रोक्न वा भङ्ग गर्न सक्नेछ ।

२०. <u>बेवारिसी सम्पत्तिको प्रहरीले जिम्मा लिने</u> : बेवारिसी सम्पत्तिको जिम्मा लिने र त्यसको तायदाती खडा गरी प्रमुख जिल्ला अधिकारी कहाँ पेश गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ ।

२१. <u>प्रमुख जिल्ला अधिकारीले सम्पत्ति रोक्का गर्ने र इश्तिहार जारी गर्ने</u> : (१) प्रमुख जिल्ला अधिकारीले त्यस्तो सम्पत्ति रोक्का गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महीनाभित्र आफ्नो हक दाबीको सबूत समेत लिई दाबी गर्न आउनु भनी इश्तिहार जारी गर्न सक्नेछ ।

(२) त्यस्तो सम्पत्तिको हक पुग्ने मानिस पत्ता नलागेको वा उपस्थित नरहेको र त्यस्तो सम्पत्ति नोक्सान हुने वा स्वभाविक रुपमा सडी गली जाने भएमा वा लिलाम बिक्री गरेमा धनीलाई फाइदा होला भन्ने 🗐.......... प्रमुख जिल्ला अधिकारीको बिचारमा लागेमा वा त्यस सम्पत्तिको मोल रु. १०।- भन्दा घटि भएमा 🗐............ प्रमुख जिल्ला अधिकारीले जुनसुकै बखत पनि लिलाम बिक्री गर्न र लिलाम बिक्रीबाट आएको रुपैयाँ 🗐............ धरौटी राख्ने आदेश दिन सक्नेछ ।

२२. <u>दाबा गर्ने मानिस कोही हाजिर नभएमा सम्पत्ति नेपाल सरकार लाग्ने</u> : (१) तोकिएको ६ महिने म्यादभित्र त्यस्तो सम्पत्ति दाबा गर्ने व्यक्ति कोही हाजिर नभएमा दफा २१ को उपदफा (२) बमोजिम लिलाम बिक्री भएको रहेनछ भने सो सम्पत्ति प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम लिलाम बिक्री हुन्छ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति लिलाम बिक्री भै आएको रुपैयाँ र कसैको हक कायम नभै दफा २१ को उपदफा (२) बमोजिम लिलाम बिक्री भै आएको रुपैयाँ ६ महीना बाद नेपाल सरकार लाग्छ ।

☞२२क. <u>बेवारिसी लाशका सम्बन्धमा</u> : बेवारिसी लाश फेला परेमा प्रहरीले कब्जामा लिई लाशको सनाखत र कालगतिले मरेकोमा मुचुल्का गराई हकवाला फेला परे सतगत गर्न बुझाई दिनु पर्छ । हकवाला फेला नपरे वा बुझी नलिए त्यस्तो लाश चिकित्साशास्त्र अध्ययन संस्थान स्थापना भएको ठाउँमा अध्ययनको प्रयोजनको निमित्त त्यस्तो संस्थानलाई आवश्यक भएमा प्रहरीले सो संस्थानलाई बुझाई दिनु पर्छ । त्यस्तो संस्थान नभएको ठाउँमा वा त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रहरीले ∅<u>स्थानीय</u> f<u>गाउँपालिका</u> <u>वा नगरपालिका</u> वा सामाजिक संस्था मार्फत दाह संस्कार गराउनु पर्छ ।

तर, दुर्घटनामा परी, आत्महत्या गरी वा शंकास्पद स्थितिमा मरेकोमा भने प्रचलित कानून बमोजिम लाश जाँच शव परीक्षण समेत गर्नु पर्ने

---

🗐 दोस्रो संशोधनद्वारा झिकिएको ।

☞ तेस्रो संशोधनद्वारा थप ।

∅ पाँचौं संशोधनद्वारा संशोधित ।

f केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

तहकिकातको काम कारबाई पूरा गरेपछि मात्र त्यस्तो लाश अध्ययन संस्थानलाई बुझाई दिनु वा दाह संस्कार गराउन सकिनेछ ।

२३. प्रहरी कर्मचारीले डायरी राख्नु पर्ने काम : (१) नेपाल सरकारले तोके बमोजिम ढाँचाको डायरी राखी त्यसमा सबै उजूरी र आरोप गिरफ्तार भएको सबै मानिसको नाउँ, उजूर गर्नेको नाउँ, गिरफ्तार भएको व्यक्ति उपर आरोप लगाइएको अपराध, निजहरुबाट वा अरु किसिमले बरामद भएको हतियार वा धनमाल र बुझिएका साक्षीहरुको नाउँ समेतको व्यहोरा खोली चढाई राख्ने हर एक ठानाको अख्तियारवाला कर्मचारीको कर्तव्य हुनेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले सो डायरी झिकाई जाँच्न सक्नेछ ।

२४. ✍... ... ...

२५. ♌ ... ... ...

२६. ♌... ... ...

## परिच्छेद - ५

## सार्वजनिक शान्ति र सुरक्षा कायम गर्नलाई विशेष प्रबन्ध

२७. कुनै व्यक्तिको दरखास्त परेमा थप प्रहरी खटाउने : (१) कुनै व्यक्तिको दरखास्त परेमा अञ्चल उपरीक्षकले शान्ति वा व्यवस्था कायम राख्न वा कुनै खास किसिमको अपराध बारे यस ऐन वा अरु ऐनका कुराहरु लागू गर्न वा कुनै ठाउँ वा इलाकामा प्रहरीको अरु कर्तव्य पालन गर्नाको निमित्त थप प्रहरी जवान खटाउने सक्नेछ ।

(२) दरखास्त दिने व्यक्तिले त्यस्तो थप प्रहरीको खर्च ब्यहोर्न पर्छ । तर त्यस्तो थप प्रहरी अञ्चल उपरीक्षकको आदेशमा रही निजले उचित ठहराएका समयसम्मलाई खटिन्छ ।

(३) त्यस्तो थप प्रहरीको दरखास्त दिने व्यक्तिले सो प्रहरीको जवान झिकी पाउँ भनी अञ्चल उपरीक्षकलाई जुनसुकै बखत लिखित निवेदन दिएमा अञ्चल उपरीक्षकले त्यस्तो निवेदन पाएको मितिले एक महीनामा नबढाई मुकरर गरेको समय व्यतित भएपछि दरखास्तवालाले त्यसको खर्च ब्यहोर्न पर्दैन ।

❐२८. रेल्वे वा अरु प्रतिस्थापनको छिमेकमा थप प्रहरी खटाउने : (१) हवाई खड्डा, रेल्वे, नहर वा अरु कुनै लोककार्य वा कारखाना, व्यापारिक प्रतिस्थापन, मनोरन्जन सुविधा र यातायातको निर्माण भइरहेको वा चलेको अवस्थामा सो कार्य कारखाना वा प्रतिस्थापनमा नियुक्त वा त्यहाँ आवत जावत गर्ने व्यक्तिहरुको व्यवहार वा व्यवहारको आशंकाले कुनै समय त्यस्तो ठाउँमा थप प्रहरीको आवश्यकता सम्झेमा नेपाल सरकारले आवश्यक भएसम्मका लागि आवश्यक सम्झे जति संख्यामा थप प्रहरी खटाउन सक्नेछ ।

---

✍ दोस्रो संशोधनद्वारा खारेज ।

♌ पाँचौं संशोधनद्वारा खारेज ।

❐ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम थप प्रहरी खटाइएकोमा सो खटाउँदा लागेको खर्च नेपाल सरकारले जुन कार्य, कारखाना वा प्रतिस्थापनका लागि खटाउनु परेको हो, त्यसबाट भराउने आदेश दिन सक्नेछ र सो कार्य, कारखाना वा प्रतिस्थापनको कोषबाट सो खर्च ब्यहोर्नु पर्छ ।

(३) नेपाल सरकारले यस दफा अन्तर्गत आफूले प्राप्त अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी ⌘प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक, प्रमुख जिल्ला अधिकारी वा अञ्चल उपरीक्षकलाई सुम्पन सक्नेछ ।

२९. सार्वजनिक शान्तिलाई विशेष खतरा पर्ने अवस्थामा थप प्रहरी खटाउने : (१) कुनै इलाकामा ❐अशान्त वा खतरनाक अवस्था भएमा वा त्यहाँका बासिन्दा वा बासिन्दाको कुनै खास वर्गको आचरणबाट थप प्रहरी खटाउन आवश्यक छ भन्ने ❐लागेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकशित गरी देहायको कुरा तोक्न सक्नेछ :-

(क) थप प्रहरी राख्नु पर्ने स्थान । ▯... ... र

(ख) थप प्रहरी राख्नु पर्ने अवधि ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले गरेको निर्णय अन्तिम हुन्छ ।

(३) यस दफाको उपदफा (५) को अधीनमा रही त्यस्ता थप प्रहरीको खर्च सूचनामा खास गरी किटिएको इलाकाको बासिन्दाहरुले ब्यहोर्नु पर्छ ।

(४) उपदफा (५) अन्तर्गत तिर्न नपर्ने ठहरिएका बाहेक अरु बासिन्दाहरुमा ककस्ले के कति तिर्नु ब्यहोर्नु पर्छ, सो कुराको ▯... ... ... प्रमुख जिल्ला अधिकारीले मनासिब ठहराए बमोजिम जाँचबुझ गरी बाँडफाड गरी दिनु पर्छ । प्रमुख जिल्ला अधिकारीले बासिन्दाहरुको हैसियतको बिचार गरी त्यस्तो बाडँफाड गर्नेछ ।

(५) त्यस्तो बासिन्दाको कुनै वर्ग वा अंशलाई लागेको यस्तो खर्चबाट सूचना प्रकाश गरी नेपाल सरकारले छुटकारा दिन सक्दछ ।

स्पष्टीकरण :- यस दफाको लागि बासिन्दा शब्दले त्यस ठाउँमा बसोबास नगरे पनि त्यस्ता इलाकाभित्रको जग्गा वा अचल सम्पत्ति आफू वा कारवारी, वारिस वा नोकरद्वारा दखल वा भोगचलन गर्ने व्यक्तिहरु र आफैले वा वारिस कारवारी वा नोकरानबाट सोझै वा रैयत मार्फत तिरी असुल गर्ने वा जग्गा भोगचलन गर्ने जग्गा धनीलाई समेत जनाउँछ ।

३०. ❐बासिन्दाहरुको अनुचित आचरणले गर्दा पर्न आएको नोक्सानीको हर्जाना पीडित व्यक्तिहरुलाई दिने : (१) दफा २९ मुताबिक सूचना जारी भैरहेको इलाकाका बासिन्दाहरु वा उनीहरुको ❐शाखा वा वर्गको अनुचित ❐आचरणबाट वा त्यसको

---

⌘ चौथो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा संशोधित ।

▯ दोस्रो संशोधनद्वारा झिकिएको ।

जरियाबाट ❐मृत्यु भएको वा गम्भीर चोट पुगेको वा धनमालको हानि नोक्सानी भएको रहेछ भने सो अनुचित ❐आचरणबाट हानि नोक्सानी भयो भनी दाबी गर्ने त्यस्तो इलाकामा बस्ने व्यक्तिले सो हानि नोक्सानी भएका १ महीनाभित्र वा सो भन्दा घटी समय तोकिएमा सो म्यादभित्र त्यस्तो प्रमुख जिल्ला अधिकारीकहाँ हर्जानाको दरखास्त दिन सक्तछ ।

(२) दफा २९ बमोजिमको इलाकामा थप प्रहरीका जवान खटिएका वा नखटिएका भए तापनि नेपाल सरकारको ❐स्वीकृति लिई प्रमुख जिल्ला अधिकारीले चाहिंदो जाँचबुझ गरी त्यस्तो क्षेत्रमा देहायमा लेखिए बमोजिम गर्न सक्तछ :-

(क) त्यस्तो अनुचित ❐आचरण या त्यसका जरियाबाट ❐पीडित भएका मानिसहरुको नाम प्रकाश गर्ने ।

(ख) त्यस्तो व्यक्तिहरुलाई दिने ❐हर्जानाको अंक र सो बाड्ने तरिका किटान र निर्धारित गर्ने ।

(ग) यस पछिको उपदफा (३) अन्तर्गत ❐हर्जाना ब्यहोर्न नपर्ने भएका र दरखास्तवाला बाहेक त्यस्तो इलाकाको ❐बासिन्दाहरु मध्येको कसले हर्जानाको कति अंक तिर्न पर्ने हो किनारा गरिदिने ।

तर त्यस्तो इलाकाभित्र भएको हुलदङ्गा वा गैर कानूनी सभाबाट माथि लेखिए बमोजिम हानि भएको भन्ने र जुन घटनाबाट त्यस्तो हानि भएको छ, सो घटनाबारे सो ❐पीडित मानिसको कुनै दोष छैन भन्ने ठहर नभै प्रमुख जिल्ला अधिकारीले यो उपदफा बमोजिम प्रकाश र अंक किटान गर्न हुँदैन ।

(३) आदेश जारी गरी त्यस्ता बासिन्दामध्ये कुनै व्यक्ति वा ❐शाखा वा वर्गलाई त्यस्ता हर्जानाको केही भाग तिर्न नपर्ने गर्न नेपाल सरकारको लागि कानूनी हुन्छ ।

(४) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको प्रकाशन र ❐किटान गरेको हर्जानाको अंक वा दिएको आदेश नेपाल सरकार वा नेपाल सरकारबाट नियुक्त गरेको अधिकारीद्वारा दोहोरिन सक्छ, अन्यथा सो अन्तिम हुन्छ ।

(५) यस दफा बमोजिम हर्जाना भराइसकेको हानि बारे देवानी कारबाई चल्न सक्दैन ।

स्पष्टीकरण :- यस दफामा बासिन्दा शब्दको अर्थ माथिको दफा बमोजिम हुन्छ ।

३१. ♌ ... ... ...

---

❐ दोस्रो संशोधनद्वारा संशोधित ।

♌ पाँचौं संशोधनद्वारा खारेज ।

३२. <u>माथि उल्लेख गरे बमोजिम तिर्नु पर्ने रुपैयाँ असुल गर्ने</u> : (१) जरिबाना असुल गर्ने बारेको प्रचलित कानून बमोजिम यस परिच्छेदमा उल्लेख गरिएको तिर्नु पर्ने रुपैयाँ प्रमुख जिल्ला अधिकारीले असुल गर्छ ।

(२) दफा ३० बमोजिम ❒<u>तिरेको वा</u> असुल भएको सबै रुपैयाँ प्रमुख जिल्ला अधिकारीले सो दफा बमोजिम पाउने मानिसलाई दिनु पर्छ ।

## परिच्छेद - ६

## <u>अपराध र सजाय</u>

३३. ☯... ... ...

➔३३क. <u>कडा अपराधहरु</u> : प्रहरी कर्मचारीले देहायको कुनै कसूर गरेमा निजलाई ☒......... आजन्म कैद वा चौध वर्षसम्म कैद वा तीन वर्षको तलब बराबरसम्म जरिबाना वा दुवै सजाय हुनेछ :-

(क) प्रहरी सेवामा शसस्त्र बिद्रोह गरेमा वा गराएमा वा बिद्रोहमा सरिक भएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो गर्न षडयन्त्र वा उद्योग गरेमा,

(ख) बिद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोशिश नगरेमा वा यस्तो बेलामा देशभक्ति, ✂........ वा कर्तव्यरत कुनै पनि व्यक्तिलाई आफ्नो कर्तव्यबाट बिचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,

(ग) बिद्रोह गर्ने मनसाय गरेको वा षडयन्त्र वा उद्योग भइरहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नु पर्ने कारण हुँदा हुँदै पनि निच मारी उच्च पदाधिकारीहरुलाई यथाशक्य तत्कालै खबर वा सूचना नदिएमा,

(घ) ☒ ... ... ...

(ङ) थाना, चौकी, गारद, पालो पहरा आदि र आफूसाथ वा आफ्नो जिम्मा रहेको हातहतियार, खरखजाना अन्य सरकारी धनमाल र कागजातहरु आक्रमणकारीहरुलाई सुम्पि मद्दत गरेमा,

(च) आक्रमण वा मुठभेडको समयमा वा सो हुने सम्भावनामा प्रहरी फोर्स वा जनतामा जानी जानी झूटो आतङ्क फैलाएमा वा हरेस खुवाउने वा आतङ्क पार्ने नियतले झूटो खतराको खबर फैलाएमा ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

❒ दोस्रो संशोधनद्वारा संशोधित ।

☯ तेस्रो संशोधनद्वारा खारेज ।

➔ तेस्रो संशोधनद्वारा संशोधित ।

☒ पाँचौं संशोधनद्वारा झिकिएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

☞३३ख. अन्य कडा अपराधहरु : प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा दश वर्षसम्म कैद वा दुई वर्षको तलब बराबरसम्म जरिबाना वा दुवै सजाय हुनेछ :-

◎(क) नेपाल सरकार, नेपाल सरकारको काम कारबाही र नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा बोलेर वा आकार, चिन्ह वा संकेतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा वा सो उद्योग गरेमा,

(ख) नेपाल सरकारको कुनै मित्रराष्ट्रभित्र लुटमार गरेमा वा गर्न तयारी गरेमा, त्यस्तो व्यक्तिलाई मद्दत वा सूचना दिएमा वा सो मनसायले त्यस्तो व्यक्तिसँग सम्पर्क राखेमा,

(ग) आफू खटिएर वा आफ्नो जिम्मामा रहेको वा आफूले रक्षा गर्नुपर्ने थाना, चौकी गारद, पालो पहरा, पिकेट, टोली वा प्याट्रोल वा प्रतिष्ठापन वा कार्यालय माथि आक्रमणकारी डाँकु, तस्कर, बदमास र हुलदङ्गा गर्नेहरुले आक्रमण गरेका बखत तिनीहरुसँग मुठभेड हुँदा वा त्यस्तो मुठभेड हुने आशंकामा नामर्दिसँग भागेमा,

(घ) आफ्नो जिम्मामा रहेको सरकारी वा अरु कसैको हातहतियार खरखजाना बेचबिखन गरेमा,

(ङ) लुटको खोजीमा हिड्न आफ्नो थाना, चौकी, गारद, पालो पहरा, पिकेट, टोली, प्याट्रोल, प्रतिष्ठापन वा कार्यालय छाडेमा,

(च) ड्यूटीमा रहेको वा नरहेको भए तापनि माथिल्लो दर्जाको कर्मचारी भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण छँदाछँदै अपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

(छ) आफू माथिको कुनै अधिकृतले आदेश दिएमा वा बहाल टुटेपछि नियुक्तिको प्रमाणपत्र र बहाल छँदा आफ्नो जिम्मा भएको सरकारी वा अरु कसैको हातहतियार, खरखजाना, संयन्त्र, ज्याबल, सरसामान, नगदी जिन्सी समेत तुरुन्त नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,

(ज) लुट्ने अभिप्रायले घर वा कुनै ठाउँ फोरेमा वा कुनै किसिमबाट धनमाल लुटेमा, हानि नोक्सानी वा क्षति गरेमा,

(झ) कर्तव्य पालना गर्दा कायरता देखाएमा ।

---

☞ तेस्रो संशोधनद्वारा थप ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

→३४. अरु अपराधहरु : प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा, पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबरसम्म जरिबाना वा दुवै सजाय हुनेछ :-

(क) आफ्नो जिम्मामा रहेको सरकारी वा अरु कसैको संयन्त्र, ज्यावल, सरसामान, वर्दि, तानामाना, तक्मा, पदक, नगदी, जिन्सी, सवारीको साधन र इन्धन इत्यादि जानी जानी वा लापरवाही गरी बिगारेमा, नासेमा, हराएमा वा दुरुपयोग गरेमा वा वदनियतीले आफ्नो वा अरु कसैको निमित्त लिएमा वा दिएमा,

(ख) क्याम्पमा रसद वा अरु चाहिने कुरा ल्याउने व्यक्ति उपर हमला वा बेइज्जत गरेमा वा बल प्रयोग गरी अपराध गरेमा वा कुनै स्थानमा बल मिचाई गरेमा,

(ग) आफू माथिको प्रहरी कमरीचारीले दिएको कानूनी उर्दी नमानेमा,

(घ) प्रहरी फोर्सबाट भागेमा,

(ङ) सेण्ट्री भै पालो बसेको ठाउँमा सुतेमा वा नियमित बदली नआई बिना इजाजत छाडेमा,

(च) नियमित बदली नआई वा बिना इजाजत आफ्नो गारद, पिकेट, टोली वा प्याट्रोल छोडेमा,

(छ) आफूलाई नियुक्त गर्न अख्तियार पाएका अधिकारीको इजाजत बिना राजीनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा,

(ज) सेण्ट्रीलाई कुटेमा वा जबरजस्ती गरेमा वा गर्न उद्योग गरेमा,

(झ) गारद, पिकेट, प्याट्रोलको कमाण्डमा छँदा रीतपूवर्क बुझाएको कैदी वा व्यक्ति बुझ्न इन्कार गरेमा, मनासिब अख्तियार बिना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापरवाही गरी त्यस्तो कैदी वा व्यक्तिलाई भाग्न दिएमा,

(ञ) गिरफ्तार वा थुनिएका बखत छाड्न सक्ने अख्तियार पाएकोले नछाड्दै गिरफ्तार भएको वा थुनिएको ठाउँ छाडी गएमा,

(ट) रोग वा शरीरको निर्वलताको झूटो बहाना गरेमा वा भान पारेमा,

(ठ) आफ्नो कमान वा जिम्मामा रहेको व्यक्तिहरुको संख्या वा अवस्थाको वा त्यस्ता व्यक्ति वा नेपाल सरकार वा प्रहरी वा प्रहरी फोर्समा सामेल हुन आएको कसैको रुपैयाँ, हातहतियार, खरखजाना, लुगाफाटो, सरसामान वा अन्य मालसामानको झुट्टो फाँट वा प्रतिवेदन जानीजानी पेश

---

→ तेस्रो संशोधनद्वारा संशोधित ।

गरेमा वा खराब मनसायले वा जानीजानी बात लाग्ने लापरवाहीबाट माथि लेखिएका विषयको फाँट वा प्रतिवेदन तयार गर्न वा पठाउन छुटाएमा वा इन्कार गरेमा,

(ड) राजनैतिक उद्देश्यले संगठन गरिएको सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा,

♉(ड१) लैङ्गिक हिंसा गरेमा,

(ढ) आफ्नो ओहदाको धाक धम्की दिई कसैलाई अनाहक दुःख र टण्टा दिएमा वा कसैको सम्पत्ति हानि नोक्सानी गरेमा ।

३४क. ☯... ... ...

३५. अरु ऐन बमोजिम मुद्दा चलाउन अधिकारमा बाधा नपार्ने : यस ऐन बमोजिम सजाय हुने अपराध गर्ने व्यक्ति उपर अरु ऐन बमोजिम मुद्दा चलाउन वा त्यस्ता व्यक्तिलाई अरु ऐन बमोजिम सजायको भागी हुन वा यस ऐनमा लेखिएका दण्ड सजाय भन्दा बढी अरु सजायको भागी हुन यस ऐनको कुनै कुराले बाधा पर्दैन । तर कुनै व्यक्तिलाई एउटै अपराधमा दुई पटक सजाय भने हुन सक्दैन ।

➔३६. प्रहरी विशेष अदालतको स्थापना र गठन : (१) यस परिच्छेद अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न देहायको दर्जाका प्रहरी कर्मचारीको सम्बन्धमा देहायको प्रहरी विशेष अदालत गठन हुनेछ :-

(क) प्रहरी जवान देखि प्रहरी सहायक निरीक्षकसम्मको लागि जिल्ला प्रहरी विशेष अदालत,

(ख) प्रहरी नायब निरीक्षक देखि प्रहरी नायव उपरीक्षकसम्मको लागि ∅क्षेत्रीय प्रहरी विशेष अदालत,

(ग) प्रहरी उपरीक्षक र सो देखि माथिल्लो तहको प्रहरी अधिकृतको लागि केन्द्रीय प्रहरी विशेष अदालत ।

∅(२) उपदफा (१) बमोजिम जिल्ला प्रहरी विशेष अदालत, क्षेत्रीय प्रहरी विशेष अदालत र केन्द्रीय प्रहरी विशेष अदालतको गठन आवश्यकता अनुसार नेपाल सरकार गृह मन्त्रालयले गर्नेछ र प्रत्येक अदालतमा न्याय सेवाको अधिकृतको अध्यक्षतामा एकजना प्रहरी अधिकृत सहित तीनजना सदस्यहरु रहने छन् र कारबाहीमा पर्ने व्यक्ति प्रहरी अधिकृत भएमा निजभन्दा तल्लो श्रेणीको अधिकृत विशेष अदालतमा रहने छैन ।

---

♉ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

☯ तेस्रो संशोधनद्वारा खारेज ।

➔ तेस्रो संशोधनद्वारा संशोधित ।

∅ पाँचौं संशोधनद्वारा संशोधित ।

☞३६क. <u>छुट्टै प्रहरी विशेष अदालत गठन गर्न सकिने</u> : दफा ३६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी नायव निरीक्षक वा सो देखि माथिल्लो दर्जाका अधिकृत र सोही वा तल्लो तहका प्रहरी कर्मचारी समेत संगठित भै यस परिच्छेद अन्तर्गतको कसूर गरेमा त्यस्तो मुद्दाको शुरु कारबाई र किनारा गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छुट्टै प्रहरी विशेष अदालतको गठन गर्न सक्नेछ ।

☞३६ख. <u>पुनरावेदन</u> : (१) यस परिच्छेद अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा दफा ३६ बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक तह माथिको प्रहरी विशेष अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ३६ को उपदफा (२) ☒... ... ... बमोजिमको केन्द्रीय प्रहरी विशेष अदालत वा दफा ३६क. बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णय उपर नेपाल सरकार समक्ष पुनरावेदन लाग्नेछ ।

☞३६ग. <u>प्रहरी विशेष अदालतको कार्यविधि</u> : (१) यस ऐन अन्तर्गत गठन भएको प्रहरी विशेष अदालतले आफ्नो कार्यविधि आफै निर्धारण गरी व्यवस्थित गर्नेछ ।

(२) यस परिच्छेद अन्तर्गतको कसूर भएकोमा एक वर्षभित्र मुद्दा चलाउनु पर्नेछ ।

३७. <u>कर्तव्य पालन गर्दा असल नियतले काम गरेमा कर्मचारी दोषी नहुने</u> : प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारीले यस ऐन वा अरु प्रचलित ऐन बमोजिम गर्नु पर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको आज्ञप्ति, आदेश वा वारेण्ट तामेल गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्ने भागी हुँदैन ।

३८. <u>मुद्दा चलाउने हदम्याद</u> : यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम अनुसार वा उक्त ऐन नियम वा विनियमले अधिकार दिएको भन्ने सम्झी कुनै काम गरेका वा सो गर्ने आशयले गरेको कुनै कामको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारी उपर देहायमा लेखिए बमोजिम नभै मुद्दा चल्न सक्दैन :-

(क) मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारिस भए त्यसको नाम र ठेगाना खोली लिखित नोटिस प्रमुख जिल्ला अधिकारी, प्रहरी कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्ट्री गरी पठाएको र त्यसको १ प्रति नक्कल नेपाल सरकारमा पेश गरेको १ महीना ननाघी,

(ख) मुद्दा चलाउने कारण भएको ८ महीनाभित्र मुद्दा दायर नभई ।

३९. <u>नियम र आदेश बनाउने अधिकार</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्नलाई नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी नेपाल सरकारले देहायको विषयहरुमा नियम बनाउन सक्नेछ :-

---

☞ तेस्रो संशोधनद्वारा थप ।

☒ पाँचौं संशोधनद्वारा झिकिएको ।

(क) प्रहरी फोर्सको गठन र वर्गीकरणको व्यवस्था बारे ।

(ख) प्रहरी फोर्सको निरीक्षणको व्यवस्था बारे ।

(ग) प्रहरी फोर्सलाई दिइने हातहतियार, तानावाना, लुगाफाटा र अरु आवश्यक बस्तुहरुको विवरण र संख्या निर्धारित गर्ने बारे ।

(घ) प्रहरी फोर्सको अधिकृत र जवान बस्ने ठाउँ तोक्ने बारे ।

ᵹ(घ१) महिला तथा पुरुष प्रहरी कर्मचारीको लागि छुट्टाछुट्टै आवास गृह रहने बारे ।

ᵹ(घ२) शिशु स्याहार केन्द्र बारे ।

(ङ) प्रहरीको साधन सम्बन्धमा प्रहरी फोर्सको स्थापना, प्रबन्ध र व्यवस्था गर्ने बारे ।

(च) प्रहरी फोर्सको बाँडफाँड, खटनपटन, गतिविधि र स्थानको व्यवस्था गर्ने बारे ।

(छ) सबै दर्जा र श्रेणीका प्रहरी कर्मचारीको कर्तव्य किटान गर्ने र निजहरुले आ-आफ्नो अधिकार र कर्तव्य पालन गर्ने तरिका र शर्तहरु तोक्ने बारे ।

(ज) प्रहरीले सुराक लाउने र खबर जम्मा गर्ने र सो जाहेर गर्ने व्यवस्था मिलाउने बारे ।

(झ) सामान्यतः प्रहरीलाई योग्य बनाउने र निजहरुको कर्तव्यको दुरुपयोग र लापरवाही रोक्ने बारे ।

(३) नेपाल सरकारले जारी गरेको नियम र आदेशको अधीनमा रही उपदफा (२) मा लेखिएका विषयहरु बारे प्रहरी महानिरीक्षकले आदेश जारी गर्न सक्नेछ ।

---

ᵹ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

द्रष्टव्य :- (१) नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर भएका शब्दहरु:-
(क) "पुलिस" को सट्टा "प्रहरी" ।
(ख) "गजेट" को सट्टा "राजपत्र" ।
(ग) "अफिसर" को सट्टा "अधिकृत" ।
(घ) "समन" को सट्टा "समाह्वान" ।
(ङ) "रिर्पोट" को सट्टा "प्रतिवेदन" ।
(च) "डिग्री" को सट्टा "आज्ञप्ति" ।

(२) प्रहरी (पहिलो संशोधन) ऐन, २०२९ द्वारा रुपान्तर भएका शब्दहरु:-
(क) "इन्सपेक्टर जनरल" को सट्टा "महानिरीक्षक" ।
(ख) "एडिशनल" को सट्टा "अतिरिक्त" ।
(ग) "डेपुटी" को सट्टा "नायव" ।
(घ) "असिष्टेण्ट" को सट्टा "सहायक" ।
(ङ) "सुपरिण्टेण्डेण्ट" को सट्टा "उपरीक्षक" ।
(च) "इन्सपेक्टर" को सट्टा "निरीक्षक" ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची

## फाराम

प्रहरी ऐन, २०१२ बमोजिम ... ... ... ... ... ...... ... ... ... ... प्रहरी फोर्सको जवान नियुक्त हुनु भएको छ र निजले प्रहरी कर्मचारीको अधिकार, कर्तव्य र सुविधा पाउनु हुनेछ ।

प्रमाणपत्र दिने अख्तियारवाला

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

(छ) "सव इन्सपेक्टर" को सट्टा "नायव निरीक्षक" ।

(ज) "असिष्टेण्ट सब-इन्सपेक्टर" को सट्टा "सहायक निरीक्षक" र

(झ) "सवोर्डिनेट रेंक" को सट्टा "मातहत दर्जा" ।

(३) प्रहरी (तेस्रो संशोधन) ऐन, २०३५ द्वारा रुपान्तर भएका शब्दहरु:-

"जिल्ला उपरीक्षक" को सट्टा "अञ्चल उपरीक्षक"

(४) प्रहरी (पाँचौं संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरु:-

(क) "अञ्चलाधीश" को सट्टा "प्रमुख जिल्ला अधिकारी"

(ख) "सर्टिफिकेट" को सट्टा "प्रमाणपत्र" ।

(५) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।